मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : ३१ ◆ अङ्क : ८३ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०८२ माघ २५ गते आइतबार (Sunday, 8 February. 2026) नेपाल सम्वत् ११४६ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

## विदेश पठाउने नाममा ३१ लाख ठगी

**काठमाडौं, माघ २४।** रोजगारीका लागि क्रोएशिया र ग्रीस पठाउने भन्दै रु. ३१ लाख ठगी गरेको अभियोगमा प्रहरीले दुई जनालाई पक्राउ गरी सार्वजनिक गरेको छ।

पक्राउ पर्नेमा काभ्रेपलाञ्चोकको पनौती नगरपालिका-१२ घर भई हाल काठमाडौं महानगरपालिका-८ बस्ने ४३ वर्षीया उपासना भण्डारी तथा कैलालीको टीकापुर नगरपालिका-१ घर भई हाल ललितपुर महानगरपालिका-११ बस्ने २३ वर्षीय युवराज कुँवर रहेका काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रहरी उपरीक्षक मनोहरप्रसाद

(बाँकी अन्तिम पृष्ठमा)

## रोलर कोस्टरबाट लडेर चार जना घाइते

**झापा, माघ २४।** झापाको कन्काई नगरपालिका-२ स्थित ह्याप्पी ल्याण्ड फन पार्कमा रोलर कोस्टर खेल्ने क्रममा भएको दुर्घटनामा चार जना घाइते भएका छन्।


प्रहरीका अनुसार शनिबार दिउँसो करिब २:५० बजेको समयमा फन पार्कभित्र सञ्चालनमा रहेको रोलर कोस्टर (रेल गाडी)को एउटा डब्बा अचानक खुस्किएर भुइँमा खस्दा सो डब्बामा सवार चार जना घाइते भएका हुन्।

दुर्घटनामा घाइते भएकाहरूलाई तत्काल कन्काई नगर अस्पतालमा सामान्य उपचारपछि थप उपचारका लागि बिर्तामोडस्थित बीएण्डसी अस्पताल पठाइएको प्रहरीले जनाएको छ।

घाइतेमध्ये बुद्धशान्ति गाउँपालिका-४ निवासी अन्दाजी ४५ वर्षीया पेमा शेर्पाको कोखामा चोट लागेको छ। त्यस्तै सोही ठाउँ निवासी प्रजल शेर्पाकी अन्दाजी पाँच वर्षीया छोरी सुभिस्ना शेर्पाको ओठ र मुखमा चोट लागेको र अगाडिको माथिल्लो भागको एउटा दाँत भाँचिएको प्रहरीले जनाएको छ।

त्यस्तै, जगदीश शेर्पाकी अन्दाजी ३१ वर्षीया छोरी प्रियंका शेर्पाको दुवै हात र पाखुरामा चोट लागेको छ। बिर्तामोड नगरपालिका-१ निवासी अन्दाजी ५६ वर्षीया डम्बरीकुमारी दर्जीको छाती र ढाडमा चोट लागेका बताइएको छ। घटनाका सम्बन्धमा थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

## रहेनन् अभिनेता सुनिल थापा



**काठमाडौँ, माघ २४।** अभिनेता सुनिल थापाको शनिवार ६८ वर्षको उमेरमा निधन भएको छ।

शनिवार बिहान अचानक स्वास्थ्यमा समस्या देखिएपछि अभिनेता थापालाई उपचारका लागि थापाथलीस्थित नर्भिक अस्पताल लगिएको थियो। चलचित्र कलाकार संघका अध्यक्ष मोहन निरौलाले अभिनेता थापाको हृदयघातबाट निधन भएको अस्पतालले जानकारी दिएको बताए।

बिहान चलचित्रको छायाङ्कनमा जानुपर्ने भएकाले आफूसँगै रहेका सहयोगीलाई चाँडै उठाउन भन्नुभएको रहेछ, ती सहयोगी बिहान उठाउन जाँदा अभिनेता थापालाई अचेत पाएपछि अस्पताल ल्याइएको रहेछ। अस्पतालले प्रारम्भिक जाँच गरेपछि मृत घोषणा गरेको अध्यक्ष निरौलाले बताए। अभिनेता थापाका श्रीमती, एक छोरा र एक छोरी छन्। उनको परिवारका सदस्यहरु भारतको मुम्बईमा बस्नुहुन्छ, उहाँहरू आउँदै हुनुहुन्छ- अध्यक्ष निरौलाले भने।

लामो समयदेखि नेपाली तथा भारतीय चलचित्रमा समेत अभिनयमा सक्रिय थापाको असामयिक निधनले सम्पूर्ण नेपाली कला जगत् स्तब्ध बनेको छ। चलचित्रमा खलनायक पात्रलाई पनि अभिनेता सरह चर्चा र सम्मान दिलाउन सफल थापा 'राते काइँला' पात्रमार्फत् विशेष रूपमा लोकप्रिय थिए। उनी शङ्खमूलस्थित अपार्टमेन्टमा बस्दै आएका थिए।

झापा गोल्डकप शुरू

# झापा ११को बिजयी शुरुवात



आज नेपाल आर्मी र चर्च व्वाइज काठमाडौं भीड्दै

**झापा, माघ २४।** सातौं संस्करणको झापा गोल्डकप फुटबल प्रतियोगिता शनिवारबाट शुरु भएको छ।

बिर्तामोडस्थित डोमालाल राजवंशी रंगशालामा भएको उद्घाटन खेलमा आयोजक झापा ११ फुटबल क्लबले नेपाल पुलिस क्लबलाई २-१ गोल अन्तरले पराजित गर्दै बिजयी शुरुवात गरेको छ।

घरेलु दर्शकको उल्लेख्य साथ पाएको झापा ११ ले शुरुवातदेखि नै आक्रामक खेल प्रस्तुत गरेको थियो। प्रतिस्पर्धात्मक खेलमा पुलिस क्लबले खेलको शुरुवातमै उत्कृष्ट प्रदर्शन गर्दै पहिलो गोल गरेको थियो। तर, त्यस यता झापा ११ले दुई गोल गर्दै जीत सुनिश्चित गर्‍यो।

झापाका लागि शिशिर लेखी र राजेश दाहालले १-१ गोल गरेका थिए। टेक्निकल खेल प्रदर्शन गरेको झापाले पुलिसलाई दबाबमा राखेको थियो। खेलको प्लेयर अफ द म्याच विजेता टिम झापाका राजेश दाहाल भए। उनले नगद २५ हजार रुपैयाँ पुरस्कार पाए।

'एक्स्ट्रिम सातौं झापा गोल्डकप स्व.विनोद बस्नेत स्मृति संस्करण अन्तर्राष्ट्रिय आमन्त्रण नकआउट फुटबल प्रतियोगिता'को उद्घाटन बिर्तामोड नगरपालिका प्रमुख पवित्रा महतरा प्रसाईले गरेकी थिइन्। उद्घाटन समारोह झापा गोल्डकपका अध्यक्ष केदार गिरीको अध्यक्षतामा सम्पन्न भएको थियो।

कार्यक्रममा प्रतियोगिताका वरिष्ठ उपाध्यक्ष गजेन्द्र पौडेलले स्वागत मन्तव्य व्यक्त गरेका थिए। प्रतियोगिताको उद्घाटन गर्दै नगरप्रमुख प्रसाईंले मैदानको संरचना निर्माण गर्न नगरपालिका तयार रहेको बताउँदै जमिनको स्वामित्वको विवादका कारण लगानीको वातावरण नबनेको बताइन्।

नेपालकै उत्कृष्ट खेल मैदान डोमालाल राजवंशी रंगशाला भएको बताउँदै उनले गोल्डकपका संरक्षक जलकुमार गुरुङले झापा गोल्डकपले नेपालको फुटबललाई अन्तर्राष्ट्रिय क्षेत्रमा चिनाउन सफल हुँदै गएको बताए। त्यस अवसरमा प्रमुख जिल्ला अधिकारी शिवराम गेलाल, जिल्ला प्रहरी कार्यालय झापाका प्रहरी उपरीक्षक वसुन्धरा खड्कासहित विभिन्न पालिकाका प्रमुख, उपप्रमुख तथा प्रमुख प्रशासकीय अधिकृतहरूको उपस्थिति थियो।

मोफसलकै प्रतिष्ठित प्रतियोगिताका रूपमा परिचित झापा गोल्डकपको बिजेताले १५ लाख रुपैयाँ र उपबिजेताले ७ लाख ५० हजार रुपैयाँ पुरस्कार पाउनेछन्। प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडी (मस्ट भ्यालुएबल प्लेयर) लाई मोटरसाइकल प्रदान गरिनेछ। यस्तै, सर्वाधिक गोलकर्ता, उत्कृष्ट गोलकिपर र उत्कृष्ट प्रशिक्षकले जनही ३५ हजार रुपैयाँ पुरस्कार पाउने आयोजकले जनाएको छ। प्रत्येक खेलको 'प्लेयर अफ द म्याच' लाई २१ हजार रुपैयाँ प्रदान गरिनेछ।

विधागत पुरस्कारको प्रायोजन अमेरिका निवासी रोशनलाल श्रेष्ठसहितको टोलीले गरेको छ। प्रतियोगितामा त्रिभुवन आर्मी क्लब, नेपाल पुलिस क्लब, एपीएफ क्लब, मच्छिन्द्र क्लब, चर्च ब्वाइज युनाइटेड, लालीगुराँस क्लब पोखरा, रोयल थिम्पु कलेज (भुटान), सिंग्लिङ स्पोर्ट क्लब (भारत), एन पेनाङ फुटबल क्लब (मलेशिया) र आयोजक झापा ११ गरी १० टोली सहभागी छन्। यस वर्ष झापाका एक जना पुराना फुटबल खेलाडीलाई नगद २५ हजार रुपैयाँसहित सम्मान गरिने आयोजकले जनाएको छ।

कार्यक्रममा पूर्वअध्यक्ष स्व. बिनोद बस्नेतको सम्मानमा पूर्वेली युथ क्लबले मार्चपास गरेको थियो। प्रतियोगिता अन्तर्गत आज त्रिभुवन आर्मी क्लब र चर्च ब्वाइज युनाइटेडबीच प्रतिस्पर्धा हुनेछ।

## सम्पत्तिलाई सम्मान, डोमालालको शालिक अनावरण



**झापा, माघ २४।** मोफसलकै उत्कृष्ट खेलमैदानका रूपमा स्थापित डोमालाल राजवंशी रंगशालाका दाता परिवार भूमिहीन र अभावग्रस्त बनेपछि झापा गोल्डकप आयोजक समितिले एक लाख रुपैयाँ आर्थिक सहयोग गरेको छ।

झापाको बिर्तामोड-३मा अवस्थित डोमालाल राजवंशी रंगशाला समाजसेवी डोमालाल राजवंशीले देवी गुठीको नाममा दान गरेको १४ बिगाहभन्दा बढी जग्गामा निर्माण गरिएको हो। यही रंगशालामा हाल झापा गोल्डकप फुटबल प्रतियोगिताको सातौं संस्करण प्रारम्भ भएको छ।

डोमालाल राजवंशी रंगशालामा राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका खेलकुद प्रतियोगिता हुँदै आएका छन्। झापा गोल्डकपजस्ता प्रतिष्ठित फुटबल प्रतियोगिता यही मैदानमा आयोजना हुँदै आएका छन् भने यही रंगशालाबाट राष्ट्रियस्तरका खेलाडीसमेत उत्पादन भइसकेका छन्।

तर, विडम्बना, खेलकुद विकासका लागि अर्बौं मूल्यको

(बाँकी अन्तिम पृष्ठमा)

## खेलौना ठानिएको बस्तु विस्फोट, ४ बालक घाइते

**जनकपुरधाम, माघ २४।** सप्तरीको रुपनी गाउँपालिका-६ दुधैला खोलामा शनिबार शंकास्पद वस्तु विस्फोट हुँदा चार जना बालक घाइते भएका छन्।

वनभोज खान गएका बालकले खोलामा भेटिएको रकेट जस्तो देखिने वस्तुलाई खेलौना ठानी दाउरासँगै जम्मा गरी चुल्हो नजिक राखेका थिए। सोही क्रममा उक्त वस्तु अचानक विस्फोट भएको प्रहरीले जनाएको छ।

विस्फोटबाट स्थानीय साजन आले मगरका ११ वर्षीय छोरा साहस, मनोज थापा मगरका ९ वर्षीय छोरा प्रशिस, कर्णबहादुर थापा मगरका १६ वर्षीय छोरा कविर र पदमबहादुर विकका १३ वर्षीय छोरा सुरज घाइते भएका हुन्।

विस्फोटको छर्रा लागेर साहस र प्रशिसको खुट्टा तथा शरीरका विभिन्न भागमा र कविर र सुरजको शरीरका विभिन्न भागमा चोट लागेको छ। घाइते चारै जनालाई प्रारम्भिक उपचारका लागि मधेश प्रदेश प्रहरी अस्पताल रुपनी लगिएको थियो। त्यहाँबाट थप उपचारका लागि छिन्नमस्ता अस्पताल, राजविराज रेफर गरिएको प्रहरीले जनाएको छ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता डीएसपी डम्बरबहादुर पुरीका अनुसार घटनामा प्रयोग भएको शंकास्पद वस्तु र बिस्फोटको कारणबारे थप अनुसन्धान भइरहेको छ। बालकले खोलामा भेटिएको रकेट जस्तो देखिने

(बाँकी अन्तिम पृष्ठमा)

## स्रोत नखुलेको रकम बोक्दा...

**काठमाडौं, माघ २४।** स्रोत नखुलेको नगद झण्डै ५ लाख रुपैयाँसहित रौतहटमा एक जना पक्राउ परेका छन्। जिल्ला प्रहरी कार्यालय रौतहटबाट खटिएको प्रहरी टोलीले सवारी चेकजाँच गर्ने क्रममा उक्त नगदसहित एक जनालाई नियन्त्रणमा लिएको हो।

पक्राउ पर्नेमा गौर नगरपालिका-१का ४४ वर्षीय राकेश प्रसाद रहेको जिल्ला प्रहरी प्रवक्ता डीएसपी विष्णु प्रदीप बस्यालले बताएका छन्। प्रहरीका अनुसार शुक्रवार बिहान करिब १०:३० बजेको समयमा गौर नगरपालिका-३स्थित सडकखण्डमा चेकजाँच भइरहेको थियो। सोही क्रममा गौर भन्सार कार्यालयतर्फबाट बीपी चोकतर्फ आउँदै गरेको बीआर३०यु ७२४७ नम्बरको मोटरसाइकल रोकी जाँच गर्दा चालक राकेश प्रसादमाथि शङ्का लागेको थियो।

चेकजाँचका क्रममा मोटरसाइकलको लेगगार्डमा प्लास्टिकको झोलाभित्र लुकाइछिपाइ राखिएको नेपाली

(बाँकी अन्तिम पृष्ठमा)

## कृषिको व्यवसायीकरणमा ओलीको जोड



**झापा, माघ २४।** नेपाल कम्युनिष्ट पार्टी (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले आयात प्रतिस्थापनका लागि कृषिको व्यवसायीकरण अपरिहार्य रहेको बताएका छन्।

झापाको कमल गाउँपालिका-स्थित सरङपाडा बजारको शनिवार अवलोकन गर्दै अध्यक्ष ओलीले परम्परागत निर्वाहमुखी खेती प्रणाली क्रमशः व्यवसायिकतातर्फ विकास हुँदै गएको उल्लेख गरे। सो अवसरमा उनले

(बाँकी अन्तिम पृष्ठमा)

## करणी अभियोगमा पक्राउ

**सोलुखुम्बू, माघ २४।** १४ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा महाकुलुङ गाउँपालिका-२ बस्ने २० वर्षीय योमु सिङ कुलुङलाई प्रहरीले पक्राउ गरेको छ।

योमु सिङले ती बालिकालाई जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा प्रहरी चौकी बुङबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो।

उता १६ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा उदयपुर कटारी नगरपालिका-६ बस्ने २२ वर्षीय प्रचन पाचे मगरलाई शनिबार बिहान प्रहरीले पक्राउ गरेको छ। प्रचनले ती बालिकालाई जबरजस्ती करणी गरेको भन्ने उजुरीको

(बाँकी अन्तिम पृष्ठमा)

आईसीसी टी-२० विश्वकप

# विश्वविजेता इङ्ल्यान्डसँग भिड्दै नेपाल



**काठमाडौं, माघ २४।** आईसीसी टी-२० विश्वकपको यात्रा आइतवार दुई पटकको विश्वकप च्याम्पियन इङ्ल्यान्डसँग खेल्दै नेपाली राष्ट्रिय क्रिकेट टोलीले आईसीसी टी-२० विश्वकपको यात्रा शुरु गर्दैछ।

लगातार दोस्रोपटक विश्वकप खेल्न लागेको नेपाली टोली बलियो प्रतिद्वन्द्वीविरुद्ध मैदान उत्रिदा सुखद् शुरुवातको योजनामा हुनेछ। इङ्ल्यान्ड सन् २०१० र २०२२को विश्वकप विजेता टोली हो।

मुम्बईको वानखेडे क्रिकेट स्टेडियममा हुने खेल नेपाली समय अनुसार सवा ३ बजे हुनेछ। नेपालले समूह चरणका आफ्ना सबै खेल वानखेडे स्टेडियममा नै खेल्नेछ। इङ्ल्यान्डले भने समूह चरणका शुरुवाती २ खेल वानखेडे स्टेडियममा खेलेर कोलकाता पुग्नेछ। कोलकाताको इडेन गार्डेनमा इङ्ल्यान्डले स्कटल्यान्ड र इटालीसँग खेल्ने तालिका छ।

पहिलोपटक सन् २०१४मा विश्वकप खेलेको नेपालले त्यसको एक दशकपछि अमेरिका र वेष्ट इण्डिजमा भएको विश्वकप खेलेको थियो। सन् २०२४ र ०२६मा लगातार विश्वकप खेल्न लागेको नेपाली टोली उच्च मनोबलमा छ। विश्वकपको तयारीका लागि नेपाली टोलीले श्रीलंका र भारतमा अभ्यास गरेको थियो। विश्वकपअघिको दुई अफिसियल वार्मअप म्याचमा नेपालले युएई र क्यानडालाई हराएको थियो।

अघिल्लो पटक विश्वकप खेलेका १० र नयाँ खेलाडीले यसपटकको विश्व कपमा नेपालको प्रतिनिधित्व गर्दैछन्। आरिफ शेख, बसिर अहमद, लोकेश बम, शेर मल्ल र नन्दन यादव विश्वकपमा डेब्युको तयारीमा छन्।

यता, सोमपाल कामी भने नेपालले खेलेका तीन वटै विश्वकप खेल्ने एक्ला खेलाडी बन्ने संघारमा छन्। नेपालले लगातार दोस्रो पटक रोहित पौडेलको

(बाँकी अन्तिम पृष्ठमा)




# ८० जना महिलाको निःशुल्क स्वास्थ्य परीक्षण



**झापा, माघ २४।** सालबारी महिला नौमती बाजा संघको आयोजनामा महिलाहरूका लागि पाठेघर तथा स्तन क्यान्सर सम्बन्धी निःशुल्क स्वास्थ्य शिविर सम्पन्न भएको छ।

गिरीबन्धु श्रमिक टोलमा माघ २४ गते शनिबार आयोजित शिविर संघकी अध्यक्ष इन्दिरा पोखरेलको अध्यक्षता तथा अर्जुनधारा नगरपालिकाकी उपप्रमुख खड्गमाया पराजुलीको प्रमुख आतिथ्यमा सम्पन्न भएको हो।

शिविरमा पूर्वाञ्चल क्यान्सर अस्पतालको प्राविधिक सहयोग रहेको थियो। पूर्वाञ्चल क्यान्सर अस्पतालका एचडी डाक्टर डा. ज्योति भाजू लामाले प्रमुख चिकित्सकको रूपमा सेवा प्रदान गरेकी थिइन्।

त्यस्तै मार्केटिङ इन्चार्ज गोविन्द खनाल, प्रशिक्षकहरू प्रतिमा कार्की, रेनु लिम्बू, सुनिता सोनाम, रुक्मिना शर्मा, अरुण लकान्द्रीलगायतको उपस्थिति रहेको थियो।

स्वास्थ्य शिविरमार्फत ८० जना महिलाले प्रत्यक्ष स्वास्थ्य परीक्षण तथा परामर्श सेवा लिएको आयोजकले जनाएको छ। कार्यक्रमको सञ्चालन समाजसेवी रोजिना पाण्डेले गरेकी थिइन्।

महिलाहरूमा क्यान्सर सम्बन्धी चेतना अभिवृद्धि गर्ने उद्देश्यले आयोजना गरिएको शिविर स्थानीय समुदायका लागि प्रभावकारी, उपयोगी तथा प्रशंसनीय रहेको संघले जनाएको छ।

# पूर्वप्रहरी ठगुन्ना भारतबाट पक्राउ

**काठमाडौं, माघ २४।** बलात्कार आरोप लागेका पूर्वप्रहरी भूपेन्द्रसिंह ठगुन्नालाई प्रहरीले भारतको बैंग्लोरबाट पक्राउ गरेको छ।

अपराध अनुसन्धान कार्यालयको टोलीले उनलाई नियन्त्रणमा लिई थप अनुसन्धानका लागि जिल्ला प्रहरी कार्यालय वीरेन्द्रनगर सुर्खेत पठाएको छ। जाजरकोटकी एक युवतीले ठगुन्नाबिरुद्ध जबरजस्ती करणीको आरोपमा उजुरी दिएकी थिइन्। पीडित युवती न्यायको माग गर्दै गत २५ मंसीरदेखि काठमाडौंको माइतीघर मण्डलमा अनशनरत् थिइन्। ठगुन्नाबिरुद्ध जिल्ला अदालत सुर्खेतबाट पक्राउ पुर्जी जारी भएपछि उनी फरार थिए। फरार अवस्थामै उनलाई भारतबाट पक्राउ गरिएको प्रहरीले जनाएको छ।

पूर्वप्रहरी ठगुन्ना कार्यालयमा हाजिर नभएको कारण कोशी प्रदेश प्रहरी कार्यालयले गतकात्तिकमा सेवाबाट हटाएको थियो।

## सम्पत्तिलाई ...

जग्गा दान गरेका दानवीर डोमालाल राजवंशीका सन्तान आज भूमिहीन र सुकुम्बासी जीवन बिताउन बाध्य छन्। उनका दुई छोरा गजेन्द्र राजवंशी र दीपेन्द्र राजवंशीको निधन भइसकेको छ। हाल नातिहरू भीमबहादुर राजवंशी र छविलाल राजवंशी बिर्तामोड क्षेत्रमा ज्याला मजदुरी गर्दै जीवन निर्वाह गरिरहेका छन्।

स्व. डोमालाल राजवंशीकी एकमात्र छोरी सम्पत्ति राजवंशी ९० वर्षको उमेरमा पनि अरूको सहारामा जीवन बिताउन बाध्य भएपछि झापा गोल्डकप आयोजक समितिले आर्थिक सहयोग गरेको हो। झापा गोल्डकपको सातौं संस्करणको उद्घाटन समारोहमा आयोजक समितिका अध्यक्ष केदार गिरीले उनलाई नगद एक लाख रुपैयाँ हस्तान्तरण गरे।

झापा गोल्डकपका अध्यक्ष गिरीले समाज र खेलकुदका लागि अतुलनीय योगदान पुऱ्याउने व्यक्तिका परिवार अभावमा पर्नु दुःखद् भएको भन्दै संस्थागत तवरबाट सहयोग गरिएको बताए। झापा गोल्डकपका पूर्वअध्यक्ष महेन्द्रकुमार गिरीले बिनोद बस्नेतको पहलमा राजवंशी परिवारको घर निर्माण प्रक्रिया शुरु गर्ने भने अनुसार बस्नेतको निधनपछि अधुरो रहेको कार्य पूरा गर्न पाएकोमा खुशी व्यक्त गरे।

प्रतिदिन दैनिकका सम्पादक इन्द्रसिंह राजवंशीले स्व. डोमालाल राजवंशीको योगदान झापाको खेलकुद विकासका लागि ऐतिहासिक रहेको उल्लेख गर्दै उनको परिवारप्रति देखाइएको सम्मान सकारात्मक सन्देश भएको प्रतिक्रिया दिए।

झापा गोल्डकपको सातौं संस्करणको उद्घाटनसँगै डोमालाल राजवंशी रंगशाला परिसरमा स्व. डोमालाल राजवंशीको अर्धकदको शालिक समेत अनावरणसँगै उनकी छोरी सम्पत्ति राजवंशीको आवास निर्माण गर्ने प्रतिबद्धता पनि व्यक्त गरिएको छ।

यसअघि झापा गोल्डकपको छैठौं संस्करणका क्रममा तत्कालीन अध्यक्ष बिनोद बस्नेतले राजवंशी परिवारको घर निर्माण गरिदिने घोषणा गर्दै ५१ हजार रुपैयाँ सहयोग गर्ने बताएका थिए। तर, उनको निधनपछि उक्त विषय कार्यान्वयन हुन सकेको थिएन। झापा गोल्डकपका सदस्य भुगेन्द्र भण्डारीले दानवीर परिवारप्रति गरिएको सम्मानको स्थानीयवासीले खुलेर प्रशंसा गरिरहेको बताए। अर्बौंको सम्पत्ति समाजलाई समर्पण गर्ने राजवंशी परिवार आज अभावमा परे पनि झापा गोल्डकपले गरेको सहयोग र सम्मानले दानवीरको योगदानको कदर भएको सन्देश दिएको स्थानीयको भनाइ छ।

## करणी ...

आधारमा प्रहरी चौकी रिस्कूबाट खटिएको प्रहरीले पक्राउ गरेको हो।

## खेलौना ...

वस्तुलाई खेलौना ठानेर राखेका रहेछन्, सोही वस्तु विस्फोट भएको प्रारम्भिक बुझाइ छ- डीएसपी पुरीले भने- घाइते बालकहरूको स्वास्थ्य अवस्था हाल सामान्य छ। घटनास्थलमा पुगेर प्रहरीले अनुसन्धान थालेको प्रवक्ता पुरीले जानकारी दिएका छन्।

## विदेश ...

भट्टले जानकारी दिए।

पक्राउ परेकामध्ये भण्डारीले क्रोएशिया पठाउने भन्दै रु. १२ लाख तथा कुँवरले ग्रीस पठाउने भन्दै रु. १९ लाख रकम लिइ फरार रहेको उजुरीका आधारमा प्रहरीले उनीहरुलाई पक्राउ गरेको हो।

उनीहरुलाई काठमाडौं महानगरपालिका-३१बाट पक्राउ गरी थप अनुसन्धान तथा आवश्यक कारबाहीका लागि वैदेशिक रोजगार विभाग ताहाचल पठाइएको प्रहरी उपरीक्षक भट्टले बताए।






## विश्वविजेता ...

कप्तानीमा विश्वकप खेल्न लागेको हो। सन् २०१४ मा नेपालले पहिलो पटक विश्वकप खेल्दा टेलिभिजनमा हेरेका रोहित अहिले कप्तानी जिम्मेवारीमा छन्। दशकअघि आफूहरु विश्वकप हेरेर नै क्रिकेटमा लाग्न प्रेरणा मिलेको बताउने कप्तान रोहित अब आफूहरुलाई हेरेर नयाँ खेलाडी तयार हुनेमा आशावादी छन्।

कप्तान रोहितसँगै ओपनर कुशल भुर्तेल, आशिफ शेख, दीपेन्द्रसिंह ऐरी, गुल्सन झा, करण केसी, सन्दीप लामिछाने, ललित राजवंशी र सन्दीप जोरा लगातार दोस्रो पटक विश्वकप खेल्न लागेका हुन्। दुई पटकको विश्वकप च्याम्पियन इङल्यान्डसँग खेल्दै नेपाली टोलीले आईसीसी टी-२० विश्वकपको यात्रा शुरु गर्दैछ।

इङल्यान्डसँगको खेलअघि नेपाली टोलीले शनिबार कुनै अभ्यास गर्न पाएन। भारत र श्रीलंकामा संयुक्त रुपमा हुने विश्वकपमा कूल ५५ खेल हुनेछन्। विश्वकपमा सहभागी २० टोलीलाई चार समूहमा विभाजन गरिएको छ। समूह चरणका खेलपछि हरेक समूहका शीर्ष २ टोलीले सुपर ८ मा स्थान बनाउनेछन्।

नेपालले समूह चरणमा दुईपटकको च्याम्पियन इङल्यान्ड र वेष्ट इण्डिजसँग खेल्ने छ। वेष्ट इण्डिजले सन् २०१२ र २०१६मा विश्वकपको उपाधि उचालेको थियो। सन् २००७मा विश्वकप कपमा डेब्यु गरेको स्कटल्यान्ड सन् २०१६ पछि लगातार विश्वकप खेल्ने टोली हो। बंगलादेशले सुरक्षाको कारण देखाउँदै भारतमा आएर खेल्न अस्वीकार गरेपछि आईसीसीले स्कटल्याण्डलाई मौका दिएको हो।

विश्व फुटबलमा चर्चित इटाली भने विश्वकपमा डेब्यु गर्न लागेको टोली हो। यसपटक समान दुई पटकका च्याम्पियनसहितको समूहमा रहेको नेपालले सुपर एट प्रवेश गर्न सकेमा नेपाली टोली फेरि एकपटक विश्व कपमा चर्चाको विषय बन्नेछ।

## स्रोत ...

नगद ४ लाख ९९ हजार रुपैयाँ फेला परेको प्रवक्ता बस्यालले जानकारी दिए। उक्त रकमको स्रोतबारे आवश्यक कागजात माग गर्दा चालकले खुलाउन नसकेको प्रहरीको भनाइ छ। बरामद नगद रकम, मोटरसाइकल तथा चालकलाई आवश्यक अनुसन्धान तथा कारबाहीका लागि गौर भन्सार कार्यालयमा बुझाइएको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ।

## कृषिको ...

स्थानीय किसानसँग भेटघाट गर्दै हिउँदे तरकारी तथा अन्य कृषि उपजका विषयमा जानकारी लिएका थिए।

स्थानीय किसानहरूले सडक, पुललगायत पूर्वाधार विकास भएसँगै कृषि उपजको बजारीकरण सहज बन्दै गएको जानकारी गराएका थिए। अध्यक्ष ओलीले एमाले नेतृत्वको सरकारका पालामा कृषिको आधुनिकीकरण, चक्लाबन्दी खेती तथा ठुलो परिमाणमा उत्पादन गर्ने कार्यक्रमलाई प्राथमिकता दिइएको दावी गरे।

एमाले अध्यक्ष ओलीले नेपालको उर्वरभूमिमा चक्लाबन्दी खेतीमार्फत ठूलो परिमाणमा उत्पादन गर्न सकिए किसानको जीवनस्तरमा उल्लेख्य सुधार ल्याउन सकिने र यसले राष्ट्रिय अर्थतन्त्रमा समेत ठूलो योगदान पुग्ने विश्वास व्यक्त गरे।


**पूर्वनेपाल बहुउद्देश्यीय सहकारी संस्था लि.**
Purbanepal Bahu-uddeshyiya Sahakari Sanstha Ltd.
कमल-२, तोपगाछी

# कर्जा चुक्ता नभए लिलाम हुने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मितिः २०८२/१०/२५

यस संस्थाबाट ऋणी सदस्यहरुले बिभिन्न ऋण शीर्षक अन्तर्गत उपभोग गर्दै आएको कर्जा बापत संस्थालाई समय-समयमा बुझाउनुपर्ने साँवा, ब्याज तथा अन्य दैदस्तुर नबुझाई संस्थासँग गरेको कर्जा सम्बन्धी शर्तहरुको उल्लङ्घन गरेको र पटक-पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत बेवास्ता गरेकोले ऋणी, धनजमानी एवम् कर्जासँग सम्बन्धित सबैलाई कर्जा चुक्ता गर्नु/गराउनुहुन यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित मितिले ३५ (पैंतीस) दिनभित्र यस संस्थाको सम्बन्धित सेवाकेन्द्रमा सम्पर्क राखी संस्थाबाट लिएको कर्जाको बुझाउनुपर्ने सम्पूर्ण साँवा, ब्याज र अन्य दैदस्तुर चुक्ता गर्नु/गराउनु होला। अन्यथा सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५ तथा प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी ऋणी, धन जमानीकर्ता लगायत कर्जासँग सम्बन्धित सबै पक्षलाई कालो सूचीमा नाम समावेश गर्न लेखी पठाइ कर्जाको सुरक्षण स्वरुप संस्थालाई दिएको चल-अचल सम्पति जे-जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गरी संस्थाको सम्पूर्ण लेना रकम अशुल उपर गर्ने तर्फ आवश्यक कारवाही अघि बढाउने व्यहोरा सूचित गरिन्छ साथै धितो सुरक्षणको लिलाम बिक्री हुन नसकी संस्थाले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट संस्थाको सम्पूर्ण बक्यौता अशुल उपर नभएमा अशुल हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणी, धन जमानीकर्ता साथै कर्जासँग सम्बन्धित व्यक्तिहरुको घर-घरानाबाट अशुली गर्न कानूनी प्रक्रिया अगाडि बढाइने व्यहोरा समेत सूचित गरिन्छ।

| क्र.सं. | ऋणीको नामथर | ठेगाना | बाबुको नाम | बाजे/पति/पत्नीको नाम | धन जमानी दिने व्यक्ति | कार्यालय | जग्गाधनीको नाम | साविक जग्गाको ठेगाना | कित्ता नं. | क्षेत्रफल (वर्गमिटर) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | लेखनाथ रिजाल | चिसापानी-७,इलाम | कृष्णप्रसाद रिजाल | श्री कृष्ण रिजाल | श्रीमती अम्बिकादेबी रिजाल | बिर्तामोड | कृष्णप्रसाद रिजाल | बुधबारे-२ | ५१८१ | १३८१६.१४ |

**पूर्वनेपाल बहुउद्देश्यीय सहकारी संस्था लि.**
Purbanepal Bahu-uddeshyiya Sahakari Sanstha Ltd.
कमल-२, तोपगाछी

# लिलाम बिक्री गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

(प्रकाशन मितिः २०८२/१०/२५)

तपशिलमा उल्लेखित ऋणी सदस्यहरुले यस संस्थाबाट लिएको कर्जाको साँवा तथा व्याज, हर्जना तथा अन्य दैदस्तुर रकम समेत संस्थासँग गरेको शर्त सम्झौता बमोजिम तिर्नु-बुझाउनुपर्नेमा नतिरी/नबुझाई कर्जा सम्बन्धी शर्त कबुलियतको उल्लंघन गरेको र संस्थाले पटक-पटक लिखित, मौखिक एवम् स्थलगत भेटघाट आदिबाट तरताकेता गर्दा समेत भुक्तानी गर्न नआएकोले लिएको कर्जा चुक्ता गर्न आउने बारे र लिलाम हुने सम्बन्धी राष्ट्रिय दैनिक पत्रिकामा ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत आजका मितिसम्म पनि कर्जा चुक्ता गर्न नआएकोले तपशिल बमोजिमको कर्जा सुरक्षण वापत यस संस्थामा रहेको अचल सम्पत्तीको लिलाम बिक्रीका लागि यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। अतः यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र संस्थालाई तिर्नु-बुझाउनुपर्ने सम्पूर्ण रकम चुक्ता-भुक्तान गर्न आउनुहुन अनुरोध गरिन्छ। सो अवधिभित्र पनि कर्जा चुक्ता भुक्तान नगरेमा आजका मितिले ३६औं दिनमा सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५, संस्थाको कर्जा असुली आन्तरिक कार्यविधि तथा प्रचलित नियम कानून बमोजिम धितोमा रहेको तपशिल बमोजिमको अचल सम्पत्ती लिलाम बिक्री गरी संस्थाको आफ्नो लेना रकम असुल उपर गरी लिने व्यहोरा यसै सूचनामार्फत सम्बन्धित ऋणी सदस्य, जग्गा धनी, साक्षी एवम् धन जमानी बसिदिने व्यक्ति तथा सम्बन्धित अन्य सबै पक्षहरुलाई जानकारी गराइन्छ। साथै तपशिल बमोजिमको सुरक्षण बापतको सम्पत्ती जे-जस्तो अवस्थामा छ, सो अवस्थामा लिलाम बिक्री गरी कर्जा असुल उपर गर्नुपर्ने भएकोले सो लिलाम बिक्रीमा उक्त सम्पत्ती सकार गरी लिन इच्छुक संघ-संस्था, कम्पनी तथा महानुभावहरुलाई समेत जानकारीको लागि अनुरोध गरिन्छ। कथमकदाचित धितोमा रहेको तपशिलमा उल्लेखित अचल सम्पत्तीबाट संस्थाको सम्पूर्ण लेना रकम असुल उपर हुन नसकेमा नियम अनुसार ऋणी, जमानीकर्ता र निजका एकासगोलका परिवारका सदस्यहरुको नाममा रहेको अन्य चल-अचल सम्पत्तिबाट असुल उपर गरिने छ।

| क्र.सं. | ऋणीको नामथर | ठेगाना | बाबुको नाम | बाजे/पति/पत्नीको नाम | धन जमानी दिने व्यक्ति | कार्यालय | जग्गाधनीको नाम | साविक जग्गाको ठेगाना | कित्ता नं. | क्षेत्रफल (वर्गमिटर) | क्षेत्रफल (वर्गमिटर) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | तारा कुमारी कार्की | कुमरखोद-६,झापा | ललितबहादुर कार्की | गोबिन्दबहादुर कुवर | हरि पोखरेल | दमक | ताराकुमारी कार्की | दमक-१० | ७५ | ३१२.२० | ८२,९३,५००/- |
| २. | विष्णु बराल | खजुरगाछी-६,झापा | गोपाल बराल | रविलाल बराल | हरिमाया चुडाल | तोपगाछी | विष्णु बराल | खजुरगाछी-६,झापा | ५० | ५९५ | ५८,०३,३०७/- |
| | | | | | | | | खजुरगाछी-८,झापा | १९८३ | १३६३७.३४ | ४०,००,०००/- |
| ३. | हरिमाया चुडाल | कोहबरा-७,झापा | लोकनाथ चुडाल | विष्णु बराल | विष्णु बराल | तोपगाछी | हरिमाया चुडाल | खजुरगाछी-६,झापा | १३० | २५१.६२ | १९,९५,३४६/- |
| | | | | | | | | खजुरगाछी-८,झापा | १९८२ | ६७७२.६३ | २०,००,०००/- |
| ४. | ज्योती प्रसाद दास हलुवाई | गौरीगंज-६,झापा | रामवत हलुवाई | उगालाल हलुवाई | कविताकुमारी दास | तोपगाछी | ज्योती प्रसाद दास हलुवाई | मधुमल्ला-६,झापा | ४७७ | ४२३.३० | ११,४०,०००/- |
| ५. | तारा ढुंगाना | दमक-३,झापा | भक्ती प्रसाद ढुंगाना | खड्गनारायण गिरी | खड्गनारायण गिरी | दमक | धनमाया गिरी | तोपगाछी-५,झापा | १३६२ | ७५३३.४८ | ४८,९५,०००/- |
| | | | | | | | | तोपगाछी-५,झापा | ८३८ | १२०१.९७ | २८,४०,०००/- |

**शर्तहरु :**

१) यो सूचना प्रकाशन भएको ३५ दिनभित्र असुल उपर नभएमा ३६औं दिन कमल-२ स्थित संस्थाको मुख्य कार्यालयमा सरकारी प्रतिनिधिहरुको रोहबरमा लिलाम बिक्री सम्बन्धी कार्य हुनेछ।
२) लिलाममा लाग्ने सम्पूर्ण खर्च ऋणी स्वयमंले व्यहोर्नुपर्नेछ।
३) लिलाम बढाबढमा सबैभन्दा बढी रकम कबुल गर्ने व्यक्तिले आफ्नो कबुल गरेको रकमको १०% ले हुन आउने रकम नगदै धरौटी वापत तत्काल संस्थामा जम्मा गर्नुपर्नेछ। धरौटी रकममा व्याज दिइने छैन।
४) रकम कबुल गर्दा कबुल गर्ने व्यक्तिले कुनै पनि शर्त राख्न पाउने छैन।
५) लिलाममा सबैभन्दा बढी रकम कबुल गर्ने व्यक्तिलाई धितोमा रहेको सम्पत्ति बिक्री गर्ने नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार संस्थासँग सुरक्षित हुनेछ।
६) लिलामीमा भाग लिई स्वीकृति पाएको मितिले १५ दिनभित्र धरौटी बाहेकको रकम संस्थामा बुझाई सम्पत्ती नामसारी गरी नलिएमा धरौटी वापतको रकम जफत हुनेछ।
७) सहकारी ऐन, नियमावली तथा संस्थाको कर्जा नीति, अशुली कार्यबिधि, धितो लिलाम कार्यविधि अनुसार लिलाम गर्नुपर्ने, जाय जेथा लिलाम बिक्री गर्दा कसैले नसकारेमा संस्था स्वयम्ले नै उक्त सम्पत्तीको स्वामित्व आफूमा लिनेछ।
८) अचल सम्पत्ति सकार गरी लिनेले दा.खा. नामसारी गर्न लाग्ने लगायतका शुल्कहरु निज स्वयम्ले ब्यहोर्नुपर्नेछ।
९) लिलाम बिक्री हुने अचल सम्पत्तीहरुको सम्बन्धित कागजातहरु हेर्न चाहनुहुने महानुभावहरुले संस्थामा सम्पर्क राख्न सक्नुहुनेछ।
१०) अन्य कुरा प्रचलित नियम कानून अनुसार हुनेछ।

सञ्चालक समिति



**बिर्तामोडमा 4D भिडियो एक्स-रे र ल्याव सेवा**

वरिष्ठ रेडियोलोजिष्ट डा. संजयकुमार गुप्ताद्वारा
निशा एडभान्स अल्टासाउण्ड एण्ड डायग्नोष्टिक क्लिनिकमा
प्रत्येक दिन बिहान ६:०० बजेदेखि ८:३० बजे र बेलुका २:०० बजेदेखि ८:०० बजेसम्म
पश्चिम बस स्टेण्ड उत्तर, बिर्तामोड-५, झापा

हाम्रा सेवाहरु
- Fetal Echo, Fibro Scan Liver (पहिलोपल्ट)
- विशेषज्ञद्वारा ओ.पी.डी. सेवा
- निसन्तान परामर्श केन्द्र
- 12 Lead ECG,
- सुपथ मूल्यको फार्मेसी सेवा
- अत्याधुनिक प्याथोलोजी ल्याव
- 4D भिडियो एक्स-रे
- Anomaly Scan, TVS
- रक्त नलिको Colour Doppler
- Advance CT Scan

सम्पर्क नं. : ०२३-५९०१९४, ९८०१५६६४७८, ९८१७९८४६४६

BIRTAMODE EYE HOSPITAL
अब नाक, कान, घाँटी तथा दन्त उपचारसहित
उच्च गुणस्तरिय, सुलभ र भरपर्दो आँखा उपचार सेवामा समर्पित
CONTACT :
Birtamode Eye Hospital
CHARPANE, JHAPA, MECHI, NEPAL
PHONE NO: 023-530476 / Email: mnec.beh@gmail.com I
Web: birtamodeeyehospital.org


श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी
■ बिर्तामोड प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail .com

पूर्वाञ्चल

सम्पादकीय

## अपराधीलाई कठोर सजाय होस्

झापाको भद्रपुरका एक व्यक्तिको नृशंस हत्या भएको छ । भद्रपुर जिल्लाको सदरमुकाम हो जहाँ प्रशासन कार्यालयदेखि नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र नेपाली सेनाको समेत उपस्थिति छ । अझ फागुन २१ मा हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका कारण त्यहाँको सुरक्षा व्यवस्था अझ बलियो बनाइएको हुन सक्छ । यस्तो महत्त्वपूर्ण र जिल्लाका सबै प्रशासनिक तथा सुरक्षा अङ्गहरुको उपस्थिति भएको ठाउँमा समसाँझै भद्रपुर-१० को सत्रबिघेका खेम ढकालको हत्या भयो । हत्यामा कुनै धारिलो हतियार नभई औषधि दिने सुई अर्थात् सिरिन्जको प्रयोग गरिएको अनुसन्धानले देखायो । यो घटनाले एउटा व्यक्तिको जीवन समाप्त मात्रै भएन सिङ्गै शहर र देशमै भय, आतंक र आशंका जन्माएको छ ।

प्रहरी प्रशासनको उपस्थिति रहने ठाउँलाई नै अपराध मनोवृत्ति र मानसिकता भएका व्यक्तिले अपराधको थलो बनाएपछि ग्रामीण र प्रहरी प्रशासनको पहुँच नहुने ठाउँको जीवन कति सुरक्षित होला ? सर्वत्र चिन्ता थपिएको छ । सुन्दै अनौठो लाग्ने यो घटनाको दोषी पक्राउ परेको छ । अनुसन्धानले मात्रै वास्तविकता बाहिर आउने र अपराधीले कठोर सजाय पाउने विश्वास पनि छ । तर, एउटा व्यक्तिको अमानवीय र क्रुर हत्या र त्यसले पीडित परिवारलाई दिएको चोटको कल्पना नै आममानिसको लागि हृदय विदारक छ ।

हत्याको यो घटनाले जति पीडा दिएको छ त्यति नै सुरक्षा चुनौती थपेको छ । आफ्नो निवास जाँदै गरेका व्यक्तिमाथि बाटोमै यस किसिमको आक्रमण गरिनु गम्भीर चिन्ताको विषय पनि हो । त्यसमाथि सिरिन्जमा त्यस्तो के घातक वस्तु मिसाइएको थियो भन्ने सवालले हत्याराको योजनाबद्ध अपराधको अनुसन्धानलाई अझै जटील बनाएको छ । प्रहरीको तथ्यांकले पनि नेपालमा बर्सेनि अपराधका घटना वृद्धि भइरहेको देखाएको छ । व्यक्ति हत्याको अपराध आर्थिक, यौनजन्य, साइबर, ठगी, चोरी-डकैती सम्बन्धी अपराधभन्दा पनि निकृष्ट हुन्छ । यसले मानव संवेदना मरेको बुझाउँछ र सर्वश्रेष्ठ प्राणीको उच्चता माटो बनाउँछ ।

राज्यले यस्ता अपराध नियन्त्रण गर्न कानून बनाएको छ । तर, अपराधको प्रकृति फरक-फरक ढंगले बढ्दै गएको छ । प्रविधिमा आएको विकास र भूमण्डलीकरणसँगै बद्लिएको अपराधको स्वरुपलाई पहिचान तथा अनुसन्धान गर्न पनि सिप र दक्षता बढाउनुपर्ने देखिन्छ । यद्यपि प्रहरी अपराधको घटना न्यूनीकरण गर्न र अपराधीलाई कानूनको दायरामा ल्याउन निरन्तर क्रियाशील छ, तर त्यसको तुलनामा अपराध अझै बढ्नु चिन्ताको विषय हो । यस्तोमा अनौठो यो घटनाको वास्तविकता चाडै बाहिर आउने र अपराधी माथि कठोर कारवाही गर्न नेपाल प्रहरीले सक्षम हुने जनविश्वास छ । यो घटना रहस्यमै हराउनु हुँदैन ।

# विश्वकप क्रिकेटमा सुखद् यात्राको अपेक्षा



राजु सिलवाल

बहुप्रतिक्षित इन्टरनेशनल क्रिकेट काउन्सिल ( आइसिसी) पुरुष टि-ट्वान्टी विश्वकप २०२६ ले अबको एक महिना नेपालको साथै विश्वभरकै क्रिकेटप्रेमीहरूको ध्यान आकर्षित गर्दैछ।

यही माघ २४ गतेदेखि आगामी फागुन २४ गतेसम्म भारत र श्रीलङ्कामा संयुक्त रूपमा आयोजना हुने यस प्रतियोगितामा उदाउँदो क्रिकेट मुलुकको रूपमा परिचित नेपाली राष्ट्रिय क्रिकेट टिमले उच्च मनोबलका साथ तेस्रोपटक सहभागिता जनाउँदैछ। विभिन्न प्रतियोगिता तथा मैत्रीपूर्ण खेलका साथै प्रशिक्षणपछि 'वार्मअप म्याच'बाट निखारिएका नेपाली खेलाडीहरू विगतको भन्दा अझ उत्कृष्ट नतिजा हासिल गर्दै मुलुकको छवि उच्च बनाउने लक्ष्यका साथ मुम्बईको क्रिकेट मैदानमा उत्रदैछन् ।

विश्वकप क्रिकेट अन्तर्गत नेपालले पहिलो खेल नै क्रिकेटको जन्मदाता इङ्ल्याण्डसँग खेल्न पाउनु सुखद संयोग मानिएको छ। भारतको मुम्बईस्थित वानखेडे रङ्गशालामा माघ २५ गते आइतबार 'सी' समूहमा रहेको इङ्गल्याण्डसँग प्रतिस्पर्धा हुँदैछ। विश्व क्रिकेट जगतमा भर्खरै आफ्नो पहिचान बनाइरहेको नेपालले 'टेष्ट म्याच'मा स्थापित इङ्गल्याण्ड जस्तो पुरानो टिमलाई पनि पराजित गरेर नेपालले आफ्नो उपस्थितिलाई बलियो बनाउने आशा गरिएको छ।

नेपालले क्रिकेटको सङ्घर्षपूर्ण यात्राका क्रममा विभिन्न कठिन अवरोध पार गर्दै विश्वकपको तेस्रो संस्करणसम्म आइपुगेको हो। नेपालले सन् २०२५ मा आइसिसीको पूर्ण सदस्य वेष्ट इण्डिजबिरुद्धको टि-ट्वान्टी क्रिकेट श्रृंखला जित्नु सानो उपलब्धि थिएन। नेपालले सन २०२५ मा नै सामोवा, ओमान, कतार, संयुक्त अरब इमिरेट्स र जापानलाई हराउँदै विश्वकपको ढोका पुनः खोल्न सफल भएको थियो। विश्वकपका लागि नेपाली टोलीको घोषणापछि टोली प्रतियोगिताको सहआयोजक श्रीलङ्कामा अभ्यास प्रतियोगिता खेल्न कोलम्बो गएको थियो। विश्वकपको पूर्व सन्ध्यामा नेपालले भारतमा पनि विभिन्न अभ्यास म्याच खेलेको छ र युएईसँगको अभ्यास म्याचमा नेपालले जित हासिल गरेर सशक्त उपस्थिति जनाएको छ। वर्षैभरिको ब्यस्तता रहेको नेपाली टिम अब भने विशेष नतिजा हासिल गरेर मुलुकलाई नै गौरवान्वित बनाउन प्रतिस्पर्धाको पर्खाइमा रहेको छ।

इङ्गल्याण्ड तुलनात्मकरूपमा नेपालभन्दा बलियो टिम हो। इङ्गल्याण्ड पुरुषहरूको टि-ट्वान्टी विश्व वरियतामा तेस्रो नम्बरमा रहेको छ। नेपाल भने वरियता क्रममा एक स्थान सुधार गर्दै १६औं स्थानमा उक्लेको छ। ह्यारी ब्रुकको नेतृत्वमा रहेको इङ्गल्याण्डको टिममा जस बटलर, जोफ्रा आर्चर, साम कुरान, आदिल रसिदजस्ता प्रमुख खेलाडीहरू रहेका छन्। नेपाल रहेकोसमूह 'सी'मा इङ्गल्याण्डका साथै वेष्ट इण्डिज, स्कटल्याण्ड र इटाली छन्। नेपालका लागि वेष्ट इण्डिज र स्कटल्याण्डबिरुद्धको खेल पनि चुनौतीपूर्ण हुने अनुमान गरिएको छ तर नवप्रवेशी इटलीसँगको खेल भने नेपालका लागि सहज अपेक्षा गरिएता पनि 'वार्मअप म्याच'मा इटालीले क्यानडालाई हराएको समाचारले इटाली पनि राम्रै तयारीका साथ विश्वकपमा आएको मान्न सकिन्छ। नेपालले माघ २९ गते इटालीसँग लिग चरणको दोस्रो खेल खेल्दैछ। यस्तै नेपालले फागुन ३ गते वेष्ट इण्डिजसँग तेस्रो खेल तथा फागुन ५ गते स्कटल्याण्डसँग चौथो खेल खेल्ने कार्यक्रम रहेको छ।

यसपालिको आइसीसी पुरुष टि-ट्वान्टी विश्वकप यो प्रतियोगिताको १०औं संस्करण हो। भारतले साविकको विजेताको रूपमा प्रतियोगितामा प्रवेश पाएको हो। प्रतियोगितामा सहभागी रहेका २० टिमलाई चार समूहमा विभाजन गरिएको छ। प्रत्येक समूहबाट शीर्ष दुई टोली मात्र सुपर आठमा पुग्ने हुँदा समूह चरण अत्यधिक प्रतिस्पर्धात्मक हुने अपेक्षा गरिएको छ। नेपाल टिम पनि यसपालि सुपर आठमा पुग्ने प्रयत्नमा रहेको छ। विश्वकप प्रतियोगिताको सिलसिलामा कूल ५५ म्याच हुनेछन्।

नेपाल प्रतिस्पर्धा जितेर टि-ट्वान्टी विश्वकपमा छनोट हुनु भनेको क्रिकेट खेल्ने मुलुकहरूको पङ्तिमा नेपाल पनि स्थापित हुँदै जानु हो। ओमानमा विश्वकपका लागि एशिया र पूर्वी एशिया प्रशान्त क्षेत्रीय छनोटमा शीर्ष तीन टोली मध्ये एक हुन सफल भएपछि विश्वकपमा नेपालको सहभागिता सुनिश्चित भएको थियो। सुपर सिक्स चरणमा ओमानविरुद्ध जीत हासिल गरेर नेपालले आफ्नो स्थितिलाई बलियो बनाएको थियो। छनोटभरि अपराजित हुनु नेपालको सफलता थियो। नेपाली टिम चार खेलबाट आठ अङ्कसहित सुपर सिक्स अङ्क तालिकाको शीर्ष स्थानमा पुग्न सफल भएको थियो। लगातार टि-ट्वान्टी विश्वकपको लागि प्रतिस्पर्धाद्वारा छनोट हुनु नेपाल क्रिकेटको विकासको सन्दर्भमा कोसेढुङ्गा मानिएको छ। यस प्रकारको सफलताको श्रेय खेलाडी तथा प्रशिक्षकहरूको समर्पणका साथै स्वदेश तथा विदेशमा रहेका प्रशंसकहरूको अटल समर्थनलाई मानिएको छ।

**नेपालको ऐतिहासिक प्रवेश**

नेपालले बङ्गलादेशमा सन २०१४ मा भएको आइसिसी टि-ट्वान्टी विश्वकपमा पहिलो पटककै सहभागितामा ऐतिहासिक प्रदर्शन गरेको थियो। त्यतिखेर पहिलो चरणमा समूहमा 'ए'मा परेको नेपाली टिमले खेलेका तीन खेल मध्ये दुईवटामा विजय हासिल गरेर विश्व क्रिकेट जगतमा बलियो उपस्थिति जनाएको थियो। त्यतिखेर नेपालले एक खेलमा मात्र हारेको थियो। नेपालले पहिलो खेलमै हङकङलाई ८० रनको विशाल अन्तरले पराजित गरेको थियो। नेपालले हङ्कङ्गलाई ६९ रनमा सिमित गरेको थियो। सो खेलमा नेपालका लागि ज्ञानेन्द्र मल्लले ४८ रन तथा तत्कालीन कप्तान पारस खडकाले ४१ रनको योगदान दिएका थिए। त्यस खेलमा अलराउण्ड प्रदर्शन गरेका नेपाली टिमका तत्कालीन कप्तान पारस खडकालाई 'प्लेयर अफ दि म्याच' समेत घोषित गरिएको थियो।

> नेपाली टोलीले आत्मविश्वास, अनुशासन र सामुहिक प्रयासका साथ मैदानमा उत्रिँदा जे परिणाम आए पनि त्यसले नेपाली क्रिकेटको यात्रालाई नयाँ उचाईमा लैजाने विश्वास गर्न सकिन्छ । उच्च मनोबलका साथै नेपाली दर्शकहरुको अपार समर्थनबाट नेपाली टिमले आफू कमजोर होइन भन्ने प्रमाण प्रस्तुत गर्ने अपेक्षा गरिएको छ ।




**टेष्ट खेल्ने मुलुक पराजित**

सन् २०१४ को विश्वकपकै सिलसिलामा नेपालले पहिलोपटक टेष्ट म्याच खेलिरहेको राष्ट्र अफगानिस्तानलाई नौ रनले हराएको थियो। त्यसबखत नेपालले अफगानिस्तान जस्तो बलियो टोलीलाई हराउनु ठूलो उपलब्धि मानिएको थियो। तेस्रो खेलमा भने नेपाल बङ्गलादेशसँग आठ विकेटले पराजित भएको थियो। समूह 'ए'मा रहेका नेपाल र बङ्गलादेश दुबैले दुई-दुई खेल जिते पनि नेपालको नेट रनरेट कम भएपछि अघिल्लो चरणमा पुग्न असफल भएको थियो। विश्वकपमा पहिलो सहभागितामै दुई खेलमा विजय हासिल गरेर नेपाल विश्वमा क्रिकेटको सम्भावना भएको मुलुक भन्ने प्रमाणित गर्न सफल भएको थियो। यस विश्वकपले नेपालमा क्रिकेटप्रतिको उत्साहलाई नयाँ उचाईमा लैजान महत्त्वपूर्ण योगदान गरेको थियो।

**दोस्रो पटकको विश्वकप यात्रा**

नेपालले एशिया क्वालिफायरबाट संयुक्त अरब इमिरेट्स (युएई)लाई हराउँदै दोस्रो पटक टि-ट्वान्टी विश्वकपमा छनोट भएको थियो। नेपालले दोस्रो पटक सन् २०२४ मा विश्वकपमा प्रवेश पाउन १० वर्षको कठिन सङ्घर्ष गर्न परेको थियो। अमेरिका र वेस्ट इन्डिजमा संयुक्त आयोजनामा भएको यो प्रतियोगितामा २० टोलीले भाग लिएका थिए। त्यतिखेर नेपालले समूह 'डी'मा रहेर नेदरल्यान्ड्स, बङ्गलादेश, श्रीलङ्का र दक्षिण अफ्रिकाको सामना गरेको थियो। दुर्भाग्य, आफूभन्दा माथि वरियतामा रहेका ती प्रतिद्वन्द्वीहरूसँग नेपालले एक खेल पनि जित्न सकेन।

नेपाल तथा दक्षिण अफ्रिकाको खेल भने निक्कै प्रतिस्पर्धात्मक थियो। यो खेलमा नेपाल एक रनको झिनो अन्तरले मात्र पराजय हुनुलाई नेपालको राम्रो खेल प्रदर्शन मानिएको थियो। प्रतियोगितामा नेपालका केही खेलाडीहरूको व्यक्तिगत प्रदर्शन प्रशंशनीय रहेको थियो।नेपाल नेदरल्याण्डससँग छ विकेटले तथा बङ्गलादेशसँग २१ रनले पराजित हुन पुगेको थियो।

**सोमपालको ह्याट्रिक**

नेपाली क्रिकेटर सोमपाल कामी विश्वकप तीन पटक खेल्ने पहिलो नेपाली खेलाडी हुन्। सन् २०१४ मा पहिलो पटक नेपाल विश्वकपमा प्रवेश गर्दा उनी १८ वर्षका थिए। नेपाललाई १० वर्षपछि सन् २०२४ मा पुनः विश्वकपमा फर्काउन उनको ठूलो योगदान रहेको थियो। नेपाली टोलीका वरिष्ठ सदस्य सोमपालले यसपालि पनि नेपाललाई उत्कृष्ट नतिजा दिलाउन योगदान दिने अपेक्षा गरिएको छ। नेपाल प्रिमियर लिगमा उत्कृष्ट प्रदर्शन गरेका अफ-स्पिनर शेर मल्ल र अलराउण्डर बसिर अहमद पहिलो पटक राष्ट्रिय टोलीबाट विश्वकप खेल्दैछन्।

**उच्च मनोबलका साथ सन्दिप**

केही अघि बङ्गलादेशमा सम्पन्न बङ्गलादेश प्रिमियर लिग (बिपिएल) मा उपाधि जितेको राजशाही वारियर्स टिमका तर्फबाट खेलेपछि नेपालका लेग स्पिनर सन्दिप लामिछाने उच्च मनोबलका साथ विश्वकपमा सहभागी हुन भारत पुगिसकेका छन्। उनले यसपालि बिपिएलमा चार खेलमा कूल पाँच विकेट हात पारेका थिए। उनले सन् २०१८ मा भारतको इण्डियन प्रिमियर लिग ( आइपिएल)मा दिल्ली क्यापिटल्सको तर्फबाट खेलेका थिए। उनी आइपिएलमा खेल्ने पहिलो नेपाली खेलाडी हुन्। उनले अष्ट्रेलियाको बिगबास लिग (बिबीएल), क्यारेबियन प्रिमियर लिग (सिपिएल) तथा पाकिस्तान सुपर लिग (पिएसएल) मा पनि व्यावसायिक खेलाडीका रूपमा खेल्ने मौका पाएर अनुभव हासिल गरिसकेका छन् र उनीबाट नेपाली टिमले धेरै आशा गरेका छन्।

**अत्यधिक टिकट बिक्री**

भारतको मुम्बईमा नेपालले खेल्ने चारवटै खेलको अत्यधिक टिकट बिक्री हुनु सुखद् संयोग मान्न सकिन्छ। प्रतियोगिता शुरु हुनु केही दिनअघि नै यसरी नेपाली टिमप्रति दर्शकहरूको विशेष आकर्षण भएपछि खेलको रौनक अझ बढ्न जाने निश्चित छ। नेपालका चारवटै प्रारम्भिक खेलहरू मुम्बईस्थित वानखेडे रङ्गशालामा सञ्चालन गरिँदैछ। वानखेडे रंगशालामा विगतमा विभिन्न महत्त्वपूर्ण अन्तर्राष्ट्रिय क्रिकेट प्रतियोगिताहरू आयोजना भइसकेका छन्। पछिल्लो पटक सन् २०२३ को विश्वकप क्रिकेटका खेलहरू यो रङ्गशालामा भएका थिए। सन् २०११ मा भारत विश्वकप बिजेता बन्दा यही रगशालामा फाइनल खेल भएको थियो। अत्याधुनिक सुविधासम्पन्न यो रङ्गशालाको दर्शक क्षमता करिब ३९ हजार रहेको छ। भारतको मुम्बईका साथै भारतका अन्य स्थानमा बसोबास गर्ने खेलप्रेमी नेपालीको संख्या धेरै भएकाले यसपटक नेपालका खेलहरू हेर्न ठूलो संख्यामा नेपालीहरू भेला हुने अनुमान गरिएको छ। नेपालबाट धेरै क्रिकेट प्रेमीहरू यस रङ्गशालामै गएर प्रत्यक्ष रूपमा म्याच हेर्न जाँदैछन्। नेपालका ट्राभल एजेन्सीहरूले विश्वकप हेर्नका लागि मुम्बई जान विशेष प्याकेजको व्यवस्था गरेका छन्।

विश्वकपका प्रतियोगिता सञ्चालनका लागि भारतका पाँच र श्रीलङ्काका तीन स्थान छनोट गरिएका छन्। तर राजनीतिक तनाब तथा यात्रा प्रतिबन्धका कारण पाकिस्तानले सबै खेलहरू श्रीलङ्कामा मात्र खेल्नेछ भने बङ्गलादेश सुरक्षाको कारण देखाउँदै भारत नआउँदा खेलप्रमीहरूमा निरासा छाएको छ। प्रतियोगिताको फाइनल भारतको अहमदाबादस्थित नरेन्द्र मोदी रङ्गशालामा खेलाइने कार्यक्रम रहेको छ। तर यदि पाकिस्तान फाइनलमा पुगेमा उक्त खेल कोलम्बोमा हुनेछ।

**इटालीसँग पहिलो भेट**

नेपाल र इटालीले हालसम्म कुनै पनि आधिकारिक टि-ट्वान्टी अन्तरराष्ट्रिय प्रतियोगिता खेलेका छैनन्। नेपाल र इटालीबीच पहिलो पटक हुने खेल दुवै मुलुकका लागि नौलो हुनेछ। इटाली पहिलो पटक विश्वकप खेल्दैछ। इटालीको यो प्रयास युरोपेली क्रिकेटका लागि उपलब्धिमूलक मानिएको छ। इटाली हाल विश्व वरियतामा २७औं स्थानमा रहेको छ।

**वेष्ट इण्डिजलाई पराजित गरेको रेकर्ड**

नेपालले टि-ट्वान्टी अन्तर्राष्ट्रिय क्रिकेटमा आइसीसीको पूर्ण सदस्य रहेको वेष्ट इण्डिज जस्तो शक्तिशाली टिमलाई दुई पटक पराजित गरिसकेको छ। यस्तो ऐतिहासिक जित सन् २०२५ को सेप्टेम्बरमा शारजहाँमा भएको तीन खेलको श्रृंखलाको क्रममा भएको थियो। नेपालले उक्त श्रृंखलामा २-१ ले जित हासिल गरेको थियो। टि-ट्वान्टी विश्व वरियतामा वेष्ट इण्डिज सातौं स्थानमा रहेको छ।

**१२ वर्षपछिको बदला**

नेपाल र स्कटल्याण्डबीच पहिलो पटक सन् २०१३ मा टि-ट्वान्टी क्रिकेट प्रतिस्पर्धा हुँदा नेपाल आठ विकेटले पराजित भएको थियो। तर १२ वर्षपछि सन् २०२५ को जुन १७ तारिखमा स्कटल्याण्डको टिटबुड क्रिकेट मैदानमा भएको टि-ट्वान्टी अन्तर्राष्ट्रिय प्रतिस्पर्धामा नेपालले विगतको हारको बदला लिँदै स्कटल्याण्डलाई दुई विकेटले हराउन सफल भएको थियो। त्यसयता दुई टिमबीच अन्य प्रतियोगितामा भने धेरै पटक भेट भइसकेको छ। यसपटकको विश्वकपमा सहभागी हुने मुलुकहरू मध्ये स्कटल्याण्डलाई भाग्यमानी मानिएको छ। विश्व वरियतामा १४औं स्थानमा रहेको स्कटल्याण्डको विश्वकपमा सहभागिता अन्तिम समयमा आएर मात्र निश्चित गरिएको थियो। बङ्गलादेश क्रिकेट बोर्डले भारतमा असुरक्षाको कारण जनाउँदै आफ्ना खेलहरू श्रीलङ्कामा सार्न चाहे आइसिसीले त्यो प्रस्ताव अस्वीकृत गरेको थियो। समूह 'सी'मा रहेको बङ्गलादेशको सट्टा स्कटल्याण्डलाई समावेश गरिएको थियो। विश्वकपका लागि भएको प्रतिस्पर्धामा छनोट हुन नसके पनि बरियतामा सबैभन्दा उच्च स्थानमा भएको आधारमा स्कटल्याण्डलाई अन्तिम समयमा समावेश गरिएको हो।

अन्त्यमा, विश्वकपमा नेपालले सामना गर्नु पर्ने चुनौती त्यति सहज हुने छैनन् तर पछिल्ला वर्षहरूमा नेपालले क्रिकेटका लागि निरन्तर गर्दै आएको प्रयास तथा हासिल भएका सकारात्मक परिणामले नेपाली टिमप्रति आशावादी हुन सक्ने अवस्था भने रहेको छ। विश्वकप जस्ता प्रतिष्ठित प्रतियोगिता नेपाल जस्तो राष्ट्रको लागि प्रतिस्पर्धा मात्र नभई सम्भावनाको अवसर पनि भएको मान्न सकिन्छ। सीमित स्रोत तथा चुनौतीको सामना गर्दै आज विश्वकप जस्तो उच्च प्रतियोगितामा सहभागी हुने अवस्थामा पुगेको नेपाली टोलीले आत्मविश्वास, अनुशासन र सामुहिक प्रयासका साथ मैदानमा उत्रिँदा जे परिणाम आए पनि त्यसले नेपाली क्रिकेटको यात्रालाई नयाँ उचाईमा लैजाने विश्वास गर्न सकिन्छ। उच्च मनोबलका साथै नेपाली दर्शकहरूको अपार समर्थनबाट नेपाली टिमले आफू कमजोर होइन भन्ने प्रमाण प्रस्तुत गर्ने अपेक्षा गरिएको छ। यही विश्वकप नेपाली क्रिकेटको भविष्य निर्माणका लागि महत्त्वपूर्ण चरण बन्न सक्ने कुरामा आशावादी हुन सकिन्छ।

---

### आजको राशिफल



ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क नं. : ९८५११५४६९९

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ)** धार्मिक तिर्थयात्रा हुनेछ, यो समयमा साथीभाइको पूर्ण सहयोग पाइनेछ, शत्रुमाथि विजय प्राप्तिको योग छ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो)** फाइदाजनक कार्यसिद्धी हुने समय आएको छ, व्यापारमा भने घाटाको सामना गर्नुपर्ला, पारिवारिक माहौलमा सुधार आउने छ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह)** आजको दिन अनुकूल रहेको छ, अनावश्यक यात्रा तथा खर्च हुन सक्छ, ध्यान दिनुहोला। बेलुकीपख काम बन्ने, शुभ समाचार आउने योग रहेको छ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो)** समय अत्यन्तै बलवान छ, मान-सम्मानमा वृद्धि हुनेछ, व्यापार-व्यावसायमा फाइदाजनक नतिजा प्राप्त हुनेछ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे)** स्वास्थ्यमा ध्यान दिनुहोला, सहयोगीहरूले साथ दिनेछन्, लामो समयदेखि रोकिएर रहेका काम सुचारू हुनेछ, राम्रो जमघटका साथ मिष्ठान्न भोजनको योग रहेको छ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो)** सन्तान पक्षबाट शुखद् खबर सुनिने छ, नचिताएको ठाउँमा यात्रा हुन सक्नेछ, प्रेम सम्बन्ध कसिलो बनेर जानेछ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते)** बोल्दा विचार पुऱ्याउनुहोला, नयाँ वश्त्र प्राप्तीको योग छ, पराक्रममा वृद्धि होला, आफन्तजनको सहयोग प्राप्ति होला।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु)** बुद्धिको उपयोगले विद्या तथा धन आर्जन गर्ने समय रहेको छ, आफ्नो विचारले धेरैलाई प्रभावित बनाउन सकिने छ, शुभ खबर सुन्न पाइने छ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे)** आज रोकिएका तपाईको काम बन्नेछन्, खानपानमा ध्यान दिनुहोला। विचार पुऱ्याएर मात्र खर्च गर्नुहोला खर्चिलो योग रहेको छ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि)** बोलिको प्रभावले काम बन्नेछ बोल्दा विचार पुऱ्याउनुहोला, प्रियजनसँग भेट हुने समय छ, भैपरि आउने खर्चले चिन्ता बढाउन सक्छ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द)** इष्टमित्रले साथ दिनेछन्, क्रोधलाई नियन्त्रणमा राख्नुहोला, बोलिको प्रभावले बन्नै लागेको काम पनि बिग्रन सक्छ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि)** रचनात्मक काम शुरू गर्ने समय छ, पहिले गरिएको कामको हौशलाले थप उर्जा मिल्नेछ, स्वास्थ्यले राम्रो साथ दिने समय रहेको छ।

---

**मिति २०८२/१०/२४ शनिबारको सुनचाँदी मूल्य**

छापावाला सुन प्रति तोला रु.३,०२,०००/-

चाँदी प्रति तोला रु. ५०४०/-

# फिदिम नगरपालिका पूर्ण खोप सुनिश्चित घोषित



**पाँचथर, माघ २४।** पाँचथरको फिदिम नगरपालिका पूर्णखोप सुनिश्चित नगरपालिका घोषित भएको छ ।

फिदिम नगरपालिकाभित्रका २३ महिनाभित्रका सबै बालबालिकालाई १५ महिनाभित्र लगाउनुपर्ने सबै प्रकारका खोप लगाइएको निश्चित गरी पूर्ण खोप सुनिश्चित नगरपालिका घोषित गरिएको हो । फिदिम नगरपालिकामा रहेका १६ महिनादेखि २३ महिनासम्मका दुई सय ७३ जना बालबालिकाले १५ महिनाभित्र लगाउनुपर्ने सबै प्रकारका खोप लगाएको तथा १५ महिनाभन्दा कम उमेरका पाँच सय ६२ जना बालबालिकाले निर्धारित खोप नियमित रूपमा लगाइरहेको यकिन गरी पूर्ण खोप सुनिश्चित घोषणा गरिएको हो ।

फिदिम नगरपालिकामा खोप नलगाएका बालबालिकाको संख्या शून्य भएका आधारमा पूर्ण खोप सुनिश्चितता तथा दीगोपना नगरपालिका घोषणा गरिएको नगर प्रमुख मित्रप्रसाद काफ्लेले जानकारी दिए । फिदिम नगरपालिकाको कार्यालयमा आयोजित घोषणा कार्यक्रममा जिल्ला खोप समन्वय समितिका सदस्य सचिव एवम् स्वास्थ्य कार्यालय पाँचथरका प्रमुख महेश सुनारले नगर प्रमुख काफ्लेलाई पूर्ण खोप सुनिश्चितताको प्रमाणपत्र प्रदान गरे ।

नगर प्रमुख काफ्लेका अनुसार यस वर्ष फिदिम नगरपालिका पूर्ण खोप सुनिश्चितता दीगोपना घोषणा गर्ने कोशी प्रदेशको पहिलो नगरपालिका बनेको छ । तर गाउँपालिकाले भने यसअघि नै पूर्ण खोप सुनिश्चित घोषणा गरिसकेका छन् । पाँचथरकै हिलिहाङ र याङवरक गाउँपालिकाले यसअघि नै पूर्ण खोप सुनिश्चित घोषणा गरेको जिल्ला स्वास्थ्य कार्यालय पाँचथरका प्रमुख सुनारले जानकारी दिए ।

सठचालिस हजार आठ सय १० जनसंख्या रहेको फिदिम नगरपालिकामा १५ महिनाभन्दा कम उमेरका पाँच सय ६२ जना, १५ महिनादेखि २३ महिनासम्मका दुई सय ७३ जना र २४ महिनादेखि ५९ महिनासम्मका एक हजार छ सय १७ जना बालबालिका रहेका छन् ।

यस क्रममा फिदिम नगरपालिकाले सबैभन्दा पहिले पूर्ण खोप सुनिश्चित घोषणा गर्ने वडा नम्बर ९ लुम्फाबुङ, उत्कृष्ट कार्यसम्पादन गर्ने स्वास्थ्य चौकी लालीखर्ककी स्वास्थ्यकर्मी मञ्जु सेलिङ, अगुवा स्वास्थ्यकर्मी रमादेवी न्यौपाने, उत्कृष्ट कार्यसम्पादन गर्ने रानीटार स्वास्थ्य चौकी र उत्कृष्ट भूमिका निर्वाह गर्ने अगुवा महिला सामुदायिक स्वास्थ्य स्वयम्सेविका नरमाया रिमाललाई प्रसंशा पत्र प्रदान गरेको छ ।

# रामप्रसादराई गाउँपालिका साकेला सिली संरक्षणमा जुट्दै

**भोजपुर, माघ २४।** भोजपुरको रामप्रसादराई गाउँपालिका परम्परागत साकेला सिलीको संरक्षणमा जुटेको छ । पालिकाले साकेला सिली संरक्षणका लागि प्रशिक्षण नै दिन शुरु गरेको छ ।

रैथाने ज्ञान महोत्सव २०८२ को अवसरमा पालिकाले साकेला सिली प्रशिक्षण शुरु गरेको हो । किरात जातिको सांस्कृतिक नृत्यका रूपमा हेरिएको साकेला सिली नाचिए पनि पछिल्ला समया यसको सांस्कृतिक पक्ष बारे जानकारी हुन छाडेकोले सैद्धान्तिक र प्रयोगात्मकरूपमा सिली प्रशिक्षण गरिएको गाउँपालिका अध्यक्ष थामबहादुर राईले बताए ।

आगामी माघ २६ गतेसम्म आवाससहितको व्यवस्था गरिएको प्रशिक्षणमा अधेता शालिक सतासक राई, संरक्षक राई, अर्जुन राई र मानबहादुर राईले सहजीकरण गरिरहेका छन् । साकेला सिली प्रशिक्षणमा ३० जनाको सहभागिता रहेको छ । पालिकाभित्रका हरेक जातजातिका संस्कृति र रैथाने ज्ञानलाई प्रवर्द्धन गर्नु स्थानीय सरकारको दायित्व रहेकाले रैथाने ज्ञान महोत्सवको आयोजना गरिएको गाउँपालिका उपाध्यक्ष वीरेन्द्र राईले जानकारी दिए । सोही अवसरमा भइरहेको साकेला सिली प्रशिक्षणले यसको संरक्षणमा थप मद्दत गर्ने उनले बताए ।

यता २६ गते हुने बृहत रैथाने महोत्सवको पनि तयारी थालिएको छ । उक्त अन्तर्गत विभिन्न तीन शीर्षकमा प्यानल डिस्कोर्सको आयोजना गरिएको छ ।

पर्यटनमा रैथाने स्वाद र स्वामित्व विषयमा पाविहाङ राई, सचिन डाँगी, दिलकुमार खालिङ, र सम्पदा लिम्बूले बहस गर्ने छन् । त्यस्तै शिक्षामा स्वदेशी सपना शीर्षकमा रजत राई, सूर्य राई, निर्माण किराती र भूमिका पाखीनले बहस गर्ने छन् । त्यस्तै लोक रिझाइको राजनीति शीर्षकमा राजन समीप, यजस्वी राई, रिझन रानामगर र प्रकाश राईले बहस गर्ने आयोजकले जानकारी दिएको छ । पालिकाको आर्थिक सहयोगमा महोत्सव हुनेछ ।

तेस्रो श्रृंखलाकारूपमा आयोजना गरिएको यस कार्यक्रममा यसभन्दा अघि खगेन्द्र सङ्ग्रौला, युग पाठक, कैलाश राई, अनुभव अजित, भोगीराज चाम्लिङ, दिपक सापकोटा, भूपाल राई, राजन मुकारुङ, कविता राई, हरि रोका, खिनु लुङ्वा, चन्द्र हतुवाली, नुनुता राई, सिता थुलुङ गणेशकुमार राई, सुदन किराती, अशोक राई, प्रेमकुमार राई लगायतले बहसमा सहभागी भइससकेका छन् ।

यसअघिका वर्षमा आमचोक र गत वर्ष रामप्रसादराई गाउँपालिकमा कार्यक्रम आयोजना गरिएको कार्यक्रम संयोजक राजन समीपले जानकारी दिए ।

# सीमा सुरक्षा बैठकमा ढलेका सशस्त्रका एसपी घिमिरेको निधन

**मोरङ, माघ २४।** मोरङको विराट चोकमा आयोजित नेपाल-भारत सीमा सुरक्षा बैठकका क्रममा बेहोस भएर ढलेका सशस्त्र प्रहरी बलका उपरीक्षक (एसपी) राजेश घिमिरेको निधन भएको छ ।

नेपालको सशस्त्र प्रहरी बल र भारतको सीमा सुरक्षा बलका अधिकारी सम्मिलित डीआईजी तहको समकक्ष समन्वय बैठक चलिरहेका बेला उनी बेहोस भएर ढलेका थिए ।

सशस्त्र प्रहरी बल मोरङका प्रमुख घिमिरे बैठकमा सहभागी भइरहेकै बेला अचानक ढलेपछि उपचारका लागि मोरङकै बुढीगंगास्थित विराट शिक्षण अस्पताल पुऱ्याइएको थियो । उपचारकै क्रममा चिकित्सकले मृत घोषित गरेका हुन् ।



उच्च रक्तचापका कारण उनी ढलेको र बचाउन नसकिएको अस्पतालले जनाएको छ । बेहोस भएर ढल्ने क्रममा एसपी घिमिरेको जिब्रो काटिएको थियो । स्वास्थ्य अवस्था झन् बिग्रिँदै गएपछि सघन उपचारका लागि भेन्टिलेटरको सहायता लिइएको थियो । उनको शव अस्पतालको आकस्मिक कक्षमा राखिएको छ । आफन्त र परिवारका सदस्यलाई खबर भइसकेको अस्पतालले जनाएको छ ।

सशस्त्र प्रहरी बल नम्बर १ बराह वाहिनी पकली सुनसरीका डीआईजी कुमार न्यौपानेले घटनाको पुष्टि गरेका छन् । 'बैठककै क्रममा उहाँ अचानक ढल्नु भएको थियो' -उनले भने- 'त्यसपछि तत्काल उपचारका लागि लगिएको भएपनि अस्पताल र चिकित्सकको प्रयास सफल भएन ।'

नम्बर ३ बाहिनी गाढीमाई मुख्यालय मकवानपुरमा सरुवा भएका घिमिरे शनिवार त्यता जाने तयारीमा थिए ।

# ढिस्कोले पुरिएर एकजनाको मृत्यु

**शिवसताक्षी, माघ २४।** शिवसताक्षी नगरपालिका-११ मा माटोको ढिस्कोले पुरिएर एक जनाको मृत्यु भएको छ ।

मृत्यु हुनेमा सिरहा लहान बस्ने ३५ वर्षीय रमेशकुमार यादव रहेको जिल्ला प्रहरी कार्यालय झापाका प्रवक्ता खगेन्द्रबहादुर खड्काले बताए ।

उनी एनसेलका कर्मचारी भएको बताइएको छ । शिवसताक्षी-११ सतासी खोलाको शाखा कल्भर्टमा एनसेलको फाईवर जडान गर्नलाई बनाएको जमिन मुनिको खाल्डोमा पसेर काम गरिरहेको अवस्थामा माटोको ढिस्को भत्किएर उनलाई पुरेको थियो ।

घाइते यादवलाई स्थानीयको सहयोगमा दमकस्थित दमक अस्पताल लगिएको थियो । उपचारकै क्रममा उनको मृत्यु भएको प्रहरीले जनाएको छ ।


**UAE मा रोजगारीको अवसर**
७ दिनमा भिषा आउने
कम्पनी: युनाइटेड इन्टरनेशन ग्रुप LT No . 309924
पद : मेसन, कार्पेन्टर, स्टील फिक्चर, हेल्पर
ASIA LINK SERVICES (P) LTD .
BRANCH OFFICE : BIRTAMOD, JHAPA
Tel: 023-535072 / 531287
Mob: 9852674809 / 9863714421
9807963795 / 9816015488
email:
asialinkjhapa@gmail.com
phagdhakgroup@gmail.com

**सेक्युरिटी गार्ड चाहिएमा सम्पर्क गर्नुहोस् ।**
कुनै पनि संस्था, बैंक, उद्योग, स्कूल, मार्केट लगायत जुनसुकै क्षेत्रमा सेक्युरिटी गार्ड चाहिएमा सम्पर्क गर्नुहोला । साथै सेक्युरिटीमा काम गर्न चाहने इच्छुक महिला तथा पुरुषहरुले पनि तुरुन्त सम्पर्क गर्नुहोला ।
सम्पर्क :
सेक्टर वान सेक्युरिटी सर्भिस
बिर्तामोड-१, झापा, हिमरेश मार्ग
फोन: ९७०००६८५४०, ९८०१४४५००३

**सिलिङ्ग सम्बन्धीको सम्पूर्ण काम गर्नुपरेमा हामीलाई सम्झनुहोस्**
यहाँ गुणस्तरीय सामानको प्रयोग गरी जिप्सन, फल्ससिलिङ, २x२ जिप्सन तथा २x२ सिमेन्ट बोर्ड सिलिङ्ग साथै पीभीसी सिलिङ्ग र सिमेन्ट बोर्ड पाटेसन सम्बन्धी सम्पूर्ण काम दक्ष प्राविधिकबाट गरिनुका साथै सिलिङ्ग सम्बन्धी सम्पूर्ण सामान होलसेल तथा खुद्रा मूल्यमा उपलब्ध छ । आजै सम्पर्क गर्नुहोस् मौकाको फाइदा लिनुहोस् ।
बिर्तामोड :
झापा फल्स सिलिङ्ग हाउस
९८१७९९७२१२, ९८२५९१४४३०
उर्लाबारी : उर्लाबारी इन्टेरियर डेकोर
फोन नं. : ९८११३४८२४३

**Ganapati Bakers**
Finest Bakery in town
गणपति बेकरीका परिकारहरुका लागि हामीलाई सम्झनुहोस् ।
सम्पर्क नम्बर :
बिर्तामोड : ९८१०९४४५७७
काँकरभिट्टा : ९८२०५४४५७७
भद्रपुर : ९८२०१४४५७७

**हामीलाई सम्पर्क गर्नुहोस्**
सेक्युरिटीमा जागिर खानु परे वा सेक्युरिटी चाहिएमा हामीलाई सम्पर्क गर्नुहोस् । हामी तपाईहरुको आवश्यकता पूरा गर्नेछौं ।
*नोट: सिबिल वा रिटायर जुनै भए पनि हुनेछ ।*
सेभेन स्टार सेक्युरिटी सर्भिस प्रा. लि.
SEVEN STAR SECURITY SERVICE PVT. LTD.
फोन : ०२३-५९१०९५,
मो. ९८०१४१६८४०, ९८०१४१६८४१
मो. ९८०१४१६८४२, ९८०१४१६८४३

**DRISHTI Eye Care System** — TRUSTED BY MORE THAN 1.1 MILLION+ PATIENTS
प्रत्येक दिन आँखाको शल्यक्रिया
१) मोतियाबिन्दुको शल्यक्रिया
२) जलबिन्दुको शल्यक्रिया
३) आँखाको पर्दा (रेटिना)को शल्यक्रिया
४) आँखाको डेढोपन (छड्के आँखा)को शल्यक्रिया
५) आँखाको नानी प्रत्यारोपण (शल्यक्रिया)
Visit our Website www.drishtieye.org
सबैका लागी दृष्टि सधैंका लागी दृष्टि

**शुद्ध दूधको स्वस्थ उत्पादन — कोसेली**
"सुखद् उत्सव होस वा पारिवारिक समारोहमा कोसेली सधैं तपाईहरुको साथमा'
दूध तथा दूधबाट बनेका सम्पूर्ण उत्पादनहरु बिर्तामोड एरियामा होम डेलिभरीसहित उपलब्ध छ । साथै क्याटरिङ्ग तथा पार्टी भोजका लागि चाहिने सम्पूर्ण दुग्ध परिकार र मिनी रसवरी पनि उपलब्ध छ ।
कालिका डेरी,
कृषिथोक पूर्वगेट बिर्तामोड,
फोन नं.: ०२३-५३४१२९
९८५२६४४१२९, ९८०२३१३२७२

**आयुर्वेद उपचार**
यहाँ पाइल्स, फिस्टुला, फिसरको विशेषज्ञ डाक्टरद्वारा सफल उपचार गरिन्छ । साथै शरीरका सम्पूर्ण रोगहरुको पनि उपचार गरिन्छ ।
सुश्रुत आयुर्वेद अस्पताल प्रा.लि.
काँकरभिट्टा रोड, बोलबम पेट्रोलपम्पसँगै काली मन्दिर छेउ, बिर्तामोड
सम्पर्क :
९८१८७९३९८६, ९८५२६८८९८६

**आरोग्य मल्टि-स्पेसियलिटी डेन्टल क्लिनिक**
१५ वर्षको अनुभवसँग तपाईको सेवामा :
हामीले प्रदान गर्ने सेवाहरू :
- दाँतका सम्पूर्ण समस्याको समाधान
- आर्थोडन्टिक उपचार (braces)
- दाँत सफा गर्ने (Scaling)
- ब्रिज, क्राउन र इम्प्लान्ट (implant)
- बालबालिका दाँत उपचार
निःशुल्क चेक-अप र आर्थोडन्टिक परामर्श लिनुहोस् ! तपाईको सेवामा !
हाम्रो स्थानहरू :
बिर्तामोडमा हिकोला रोड
फोन नं. ९८६९१८३०४२
शनिश्चरेमा NIC एशिया बैंकको तल फोन नं. ९८१७०५६११८

**हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार**
पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।
जाँच तथा उपचार हुने समस्याहरु
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।
स्पार्क पूर्वाञ्चल अस्पताल, कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा
(फोन : ०२३-५३०१२३, ९८०३१५४६१९, ९८१४०३२६६२, ९७६२९००२८८)

**कार्की ट्याक्सी सर्भिस**
दमक-बिर्तामोड-दानाबारी-जितपुर-मंगलबारे दैनिक सेवा रिजर्वको लागि पनि हामीलाई सम्झनुहोस्
छुट्ने समय
दमकबाट : बिहान ६ बजे
बिर्तामोडबाट : बिहान ७ बजे
मंगलबारेबाट : दिउसो १२ बजे
सम्पर्क (चालक)
सन्तोष ९८०६०१८१७४, ९८४०३८७६७५
जीवन कार्की ९८१७९४०१७३
मे १ ज १६७०

**उच्च गुणस्तर सुलभ मूल्य — सयपत्री बालुवा प्रशोधन उद्योग**
यहाँ आधुनिक प्रविधिद्वारा प्रशोधित बालुवा, गिटी आदि निर्माणजन्य सामग्री सुपथ मूल्यमा पाइनुका साथै तुरुन्त डेलिभरी समेत गरिन्छ ।
सम्पर्क : ९८६६२४२४६६
Whatsp:
९८४२६५४४००/९८०४९५४४००
अर्जुनधारा नपा- ४, झापा

**वैदेशिक रोजगार**
के तपाई विदेश जान चाहनुहुन्छ ? यदि भरपर्दो र विश्वासिलो मेनपावरको खोजीमा हुनुहुन्छ भने खगोल ओभरसिजलाई सम्झनुहोस् । यहाँबाट विभिन्न देशहरु दुबई, कतार, कुवेत, मलेशिया, साउदी अरबमा डाइरेक्ट कम्पनीमा नेपाली कामदारहरु पठाउने व्यवस्था गरिएको छ ।
सम्पर्क: ९८०१४०१३००, ९८०१४२७३०१, ९८०१४२७३०३
बिर्तामोड, झापा

**वैदेशिक रोजगार**
यहाँबाट दुबई, कतार, कुवेत, मलेशिया, साउदी अरब लगायतका देशहरुमा भरपर्दो राम्रो कम्पनीमा कामदारहरु पठाउने व्यवस्था गरिएको छ । सम्पर्क गर्नुहोला ।
HK EMPLOYMENT SERVICES PRIVATE LIMITED
सम्पर्क: ९८४२६३४८७४, ९८१६०४९८७६, ०२३-५३५९७३
बिर्तामोड, झापा

**UPVC झ्याल ढोका**
टर्की ब्रान्डका UPVC ओरजिनल झ्याल, ढोका पार्टीसन लगाउनु परेमा हामीलाई सम्झनुहोस् ।
गणपति UPVC झ्याल, ढोका-संसार
सम्पर्क :
बिर्तामोड, चारपाने, सुरुङ्गा, दमक
९८५२६७१४२२, ९८१८२१०६७०

**विशेषज्ञ डाक्टरहरूको सेवा अब कान्तिपुर मेडिसीन सेन्टर**
उपचार हुने रोगहरू :
- उच्च रक्तचाप (Blood pressure)
- सुगर, हर्मोन, थाइराइड विशेषज्ञ
- वरिष्ठ मानसिक रोग विशेषज्ञ
- वरिष्ठ छाला, यौन रोग विशेषज्ञ
- वरिष्ठ बाल रोग विशेषज्ञ
- स्त्री तथा प्रसुति रोग विशेषज्ञ
यहाँ रेबिजबिरुद्धको भ्याक्सीन लगाइन्छ । साथै प्याथोलोजी सेवा पनि उपलब्ध छ ।
अदुवा पुल छेउ गणेश पेट्रोल पम्पसँगै बिर्तामोड, झापा (फोन: ०२३-५३२८४५)

**अब बिर्तामोडमा डा. पितामबर ठाकुर**
MBBS. MD(TU) NMC NO. 1914
मेची अञ्चल अस्पतालका Ex-Superintendent वरिष्ठ फिजिसियन
हरेक दिन बिहान ११:०० देखि १:०० र दिउसो ३:०० देखि ५:०० बजेसम्म
के तपाईलाई तलका मध्ये कुनै समस्या छ ?
पेट सम्बन्धी समस्या, मुटु सम्बन्धी समस्या, राति निद्रा नलाग्ने, छाती दुख्ने, फोक्सो सम्बन्धी समस्या, बाथ, थाईराईड, रक्तचाप, मधुमेह
डाक्टर आउने समय : बिहान ११:०० बजेदेखि ५:०० बजेसम्म
(+977) 9817964771, (+977) 023-590008
THAKUR POLYCLINIC Birtamode-1, Jhapa, Nepal Opposite of Paschim Bus Stand

**वैदेशिक रोजगार**
अब वैदेशिक रोजगारीका लागि भरपर्दो मेनपावर बिर्तामोडमा
हामीलाई सम्पर्क गर्नुहोस् । बिना झन्झट राम्रो तलब (सेलरी)मा तपाईलाई वैदेशिक रोजगारमा हामी पठाउँछौं ।
सम्पर्क :
यूनाइटेड प्लेसमेन्ट एण्ड इम्प्लोइमेन्ट सर्भिस प्रा. लि.
शाखा कार्यालय बिर्तामोड
मो. ९७०२९५९६४० / ९७०२९५९६४१

**मार्बल शिलालेख**
यहाँ डिजिटल प्रविधिबाट मार्बलमा फोटो खोपिन्छ साथै आर्ट सम्बन्धी सम्पूर्ण कार्यहरु सरल दरमा गरिन्छ
सम्पर्क :
एल. बि. आर्ट
बिर्तामोड-४, पश्चिम बस स्टेण्ड अदुवा पुल छेऊ
फोन नं. : ९८४४६८५६००, ९८१६०४९८००

**सेफ्टी ट्यांकी चाहिएमा**
अब झापामा सेफ्टी ट्यांकी सफा गर्नु परेमा राम्रो सेफ्टी ट्यांकीलाई सम्पर्क गर्नुहोस् । *सस्तो, भरपर्दो, छिटो र छरितो सेवा उपलब्ध छ ।*
सम्पर्क: शिवसताक्षी, कन्काई, बिर्तामोड, धुलाबारी, अर्जुनधारा, बुधबारे
देवराज गिरी
९८१३६७६६२२/९८४२०७०५८६/९७०६१९६४०६

**ताप्लेजुङ -पाथीभरा सफल यात्रा**
बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बू, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस् ।
ताप्लेजु[redacted]काउन्टर
मो. [redacted]७२
[redacted]९३

**सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।**
झापा सेफ्टी ट्यांकी तथा ढल सफाई
बिर्तामोड सम्पर्क राजुकुमार श्रेष्ठ ९८५२६४६००५, ९८०६०१०४१० ९८४२६३४६२, ०२३-५४६००५
दमक सम्पर्क: देवी सिटौला ९८२४९७९१८५, ९८४२७६०२६५, ९८४२३३२४३०
झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।

**डेंगी रोगबाट आफू बचौं अरूलाई पनि बचाऔं**
बिर्तामोड नगरपालिकाले डेङ्गी रोगको रोकथाम र नियन्त्रणको लागि लामखुट्टेको लार्भा 'खोज र नष्ट गर' अभियान सुरू गरेको हुँदा सबै जना अनिवार्य सहभागी बनौं ।
डेंगी के हो ?
डेंगी लामखुट्टेबाट सर्ने भाइरल संक्रमण वा रोग हो । डेंगीका कारण उच्च ज्वरो आउने,बेस्सरी टाउको दुख्ने, आँखाको गेडी दुख्ने, हाडजोर्नी र मांसपेशीहरू र ढाड दुख्ने, शरीरमा विविरा आउने, रिँगटा लाग्ने, वाकवाकी, वान्ता हुने, यसका साथै पेट दुख्ने, श्वासप्रश्वासमा समस्या आउने, नाक वा गिजाबाट रगत बग्ने, रक्तश्राव हुने, बेहोस हुने आदि हुने गर्दछ ।
डेंगीबाट बच्न के गर्न सकिन्छ ?
- बिहान, दिउँसो, राति जुनसुकै बेला झुल लगाएर मात्रै सुत्ने,
- पूरा बाहुला भएको पूरा शरीर ढाक्ने लुगा लगाउनु पर्छ,
- शरीरका खुल्ला भागमा लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाउने,
- लामखुट्टे भगाउन लामखुट्टे धपाउने विधिहरू अपनाउने जस्तै : धुप बाल्ने,
- घरभित्र लामखुट्टे छिर्न नदिन घरको झ्याल ढोकामा जाली लगाउने,
- आफ्नो घर वरिपरि, कार्यस्थल र सार्वजनिक स्थानहरूमा पानी जम्न नदिई सफा राख्ने,
- पानी जमिहालेको खण्डमा हप्तामा २ पटक जमेको पानी फाल्नुपर्छ,
- कुलरमा रहेको पानी हप्तामा २ पटक सफा गर्नुपर्छ,
- गमला वा गमला राखेको प्लेटमा जमेको पानी हप्तामा २ पटक फालेर प्लेट सफा राख्ने,
- भाँडाकुँडामा पानी जम्न नदिन घोप्ट्याएर राख्ने,
- घर वरपर रहेका पानी जम्ने खाल्डाखुल्डीलाई पुरिदिने,
- काम नलाग्ने भाँडाकुँडा, सिसी, बोतल, प्लास्टिकका सामग्री, टायर आदिको पानी जम्न नमिल्ने गरी विसर्जन गर्ने ।
डेंगीविरूद्ध खोप र खास उपचार समेत नभएकाले लामखुट्टेको टोकाइबाट बच्नु नै यस रोगबाट बच्ने प्रमुख उपाय हो । डेंगीको शंका लाग्नासाथ नजिकैको स्वास्थ्य संस्थामा अनिवार्य जानुहोस् ।
जनहितका लागि
बिर्तामोड नगरपालिका
झापा, कोशी प्रदेश